# मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको
# दोस्रो वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

**१. वैधानिक सभा :**

यस मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को मिति २०७१/०९/०७ गते बसेको सञ्चालक समितिको २५औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बैकको प्रबन्ध पत्र तथा नियमावली बमोजिम बैंकको दोस्रो वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री रत्नराज बज्राचार्यज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल एवं निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

मिति : २०७१ पौष २९ गते मंगलवार ।

समय : साझ ५:०० बजे प्रारम्भ भई ६ :३० बजे समापन ।

स्थान : ग्लोबल आइएमई बैंक, कमलादी, काठमाडौंको सभा कक्ष ।

**२. उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति :**

| क्र.सं. | विद्यमान सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयेर कित्ता | दस्तखत |
|---|---|---|---|---|---|
| १. | श्री रत्नराज बज्राचार्य | अध्यक्ष | ग्लोबल आइएमई बैंक लि., पानी पोखरी, काठमाडौं | ७०,००० | |
| २. | श्री राजन सिंह भण्डारी | सञ्चालक | सिटिजन्स बैंक इन्टरनेशनल लि., कमलादी, काठमाडौं | ६९,००० | |
| ३. | डा. रमेश कुमार भट्टराई | सञ्चालक | जनता बैंक नेपाल लि., नयां बानेश्वर, काठमाडौं | ७०,००० | |
| ४. | श्री उपेन्द्र पौडेल | सञ्चालक | एनएमबि बैंक लि., बबरमहल, काठमाडौं | ७०,००० | |
| ५. | श्री ज्ञानुकृष्ण अधिकारी | सञ्चालक | एचएण्डबि डेभलपमेन्ट बैंक लि., डिल्ली बजार, काठमाडौं | ७०,००० | |
| ६. | श्री लक्ष्मण रिसाल | सञ्चालक | एनआइसी एशिया बैंक लि., थापाथली, काठमाडौं | ७०,००० | |
| ७. | श्री सञ्जीव मानन्धर | सञ्चालक | प्राइम कमर्सियल बैंक लि., न्युरोड, काठमाडौं | ७०,००० | |
| ८. | श्री राजेन्द्र बहादुर श्रेष्ठ | प्रतिनिधी | ग्राण्ड बैंक नेपाल लि., काठमाडौं प्लाजा, काठमाडौं | ७०,००० | अनुपस्थीत |
| ९. | श्री नवीन मुनि बज्राचार्य | प्रतिनिधी | एनडिइपी डेभलपमेन्ट बैंक लि., कमलादी, काठमाडौं | ७०,००० | |
| १०. | श्री शम्भु गौतम | प्रतिनिधी | सिद्धार्थ बैंक लि., कमलादी, काठमाडौं | ६५,००० | |

**(ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क्र.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री नबराज दाहाल | प्रबन्धक | मेरो माइक्रोफाइनान्स वितीय संस्था लि., बट्टार, नुवाकोट | |

**(ग) शेयरधनीहरूको उपस्थिति विवरण :**

| क्र.सं. | शेयेरधनी | शेयरधनी संख्या | कुल उपस्थित शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनीहरू | ९ | ६२४००० | |
| २. | सर्व साधारण शेयरधनीहरू | ० | ० | |
| | **जम्मा** | ९ | ६२४,००० | |

**३. सभाको बैधानिकता :**

**(क) सभाको बारेमा सार्बजनिक सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि मिति : २०७१ पौष ०८ र ०९ गते राष्ट्रिय दैनिक पत्रिका कारोबार मा प्रकाशित गरिएको साथै मिति २०७०/०९/०८ गतेका दिन कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरूलाई आ.व. २०७०/०७१ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारामसमेत पठाइ सकिएको ब्योहोरा प्रबन्धक श्री नबराज दाहालबाट जानकारी गराईयो ।

**(ख) गणपुरक संख्या :**

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७१ पौष २९ मा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| क्र.सं. | शेयेरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनीहरू | १० | ६९४,००० | |
| २. | सर्व साधारण शेयरधनीहरू | ० | ० | |
| | **जम्मा** | १० | ६९४,००० | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरू स्वयं वा प्रतिनिधि मार्फत् भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको साधारण शेयरहरूको संख्या) देहाय बमोजिम रहेको व्योहोरा प्रबन्धक श्री नबराज दाहालबाट अवगत भयो र उपस्थित शेयरधनीहरूले उपरोक्त व्यहोरा जानकारी लिंदै सभा कानुन बमोजिम बोलाइएको हुंदा पुर्वसुचित प्रस्तावहरूमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| उपस्थिति बिबरण | | संस्थापक | सर्बसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं उपस्थितिसंख्या (क) | शेयरधनीहरू | ९ | ० | ९ |
| | साधारण शेयर | ० | ० | ० |
| प्रतिनिधिद्वारा उपस्थिति संख्या (ख) | शेयरधनीहरू | ० | ० | ० |
| | साधारण शेयर | ० | ० | ० |
| जम्मा उपस्थिति संख्या (क)+(ख) | शेयरधनीहरू | ९ | ० | ९ |
| | साधारण शेयर | ० | ० | ० |
| **उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत** | **शेयरधनीहरू** | ८९.९१ | ०.०० | ८९.९१ |
| | **साधारण शेयर** | ०.०० | ०.०० | ०.०० |

**४. सभामा प्रस्तुत छलफलका विषयहरू :**

शेयरधनीहरूको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सुचना र कम्पनीले शेयरधनीहरूलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरू देहायबमोजिम रहेका थिए ।

**क) सामान्य प्रस्तावहरू**

१. संञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७०/७१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा मिति २०७० श्रावण १ देखि २०७१ आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. संस्थाको लेखापरीक्षण समितिको सिफारीसमा आर्थिक वर्ष २०७१/७२ का लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विविध ।**

**५. सभाको सभापतित्व तथा उद्घाटन :**

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पुरा भएकोले कम्पनी ऐन २०६३ को ७४ (१) र कम्पनीको नियमावलीमा भएको ब्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रत्नराज बज्राचार्यज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो र त्यसैअनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो । तत्पश्चात् सभापति महोदयले पानसमा बत्ति बाली सभाको उद्घाटन गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

**६. स्वागत मन्तव्य :**

अध्यक्षज्यूको अनुमति लिई संस्थाका प्रबन्धक श्री नबराज दाहालले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरू एवं अन्य आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

## ७. दोस्रो वार्षिक प्रतिवेदन प्रस्तुत :

सभाको काम-कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट सभापति श्री रत्नराज बज्राचार्यज्यूले शेयरधनीहरूलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा मिति २०७० श्रावण १ देखि २०७१ आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण साधारण सभा समक्ष छलफल तथा निर्णयको रूपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०७०/७१ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०७१/७२ को भावी योजना तथा अन्य कार्यक्रमहरूका बारेमा विवरण प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यबाद ज्ञापन गर्नु हुदै शेयरधनीहरूको तर्फबाट कुनै जिज्ञाशा तथा प्रतिकृया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

## ८. साधारण सभामा उठेका जिज्ञासा एवं प्रतिउत्तर :

(क) शेयर धनीहरूबाट कुनै जिज्ञासा नउठेको ।

## ९. सभाका निर्णयहरू :

आजको सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमुल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पुर्व सुचित प्रस्तावहरूलाई क्रमश: पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मत निर्णयबाट देहाए बमोजिम पारित गरियो ।

### (क) सामान्य प्रस्ताव

(१) संञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७०/७१ को दोस्रो वार्षिक प्रतिवेदन सर्वसम्मतिद्वारा पारित गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा मिति २०७० श्रावण १ देखि २०७१ आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचिहरू सर्वसम्मतिद्वारा स्वीकृत गरियो ।

(३) आ.व.२०७१/०७२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम श्री पराक्रम शर्मा एण्ड एसोसियट्सलाई नियुक्त गर्ने र निजलाई लेखापरीक्षणको पारिश्रमिक स्वरूप रू. ५५,०००/- (अक्षरेपी पचपन्न हजार मात्र) कर सहित दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

### (ख) विविध

विविध अन्तर्गत छलफलका लागि अन्य विषय बांकी नरहेको जानकारी संस्थाका अध्यक्ष रत्नराज बज्राचार्यले दिनु भयो ।

१०. **धन्यवाद ज्ञापन :**

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने नेपाल राष्ट्र बैंक, कम्पनी रजिस्ट्रारको कार्यालय लगायत विभिन्न संघसंस्था तथा व्यक्तिहरुलाई धन्यवाद दिने निर्णय गरियो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरूलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

११. प्रबन्धक श्री नबराज दाहालले आजको यस दोस्रो वार्षिक साधारण सभामा समावेश विषयसुची अन्तर्गतका सम्पुर्ण विषयहरु समाप्त भएको व्योहोरा जानकारी गराउनु हुंदै आजको यस साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवं सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

१२. विषय सुचीमा रहेका सम्पुर्ण कार्यक्रमहरु समाप्त भएको जानकारी प्राप्त भएपश्चात् सभापतिज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी आजको यस दोस्रो वार्षिक साधारण सभा शान्ति एवं सौहाद्रपुर्ण वातावरण र सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरु, पत्रकार महनुभावहरु, बैंकका सञ्चालकहरु र सम्पुर्ण कर्मचारीहरु लगायत यस सभाहल उपलब्ध गराई सहयोग गर्ने ग्लोबल आइएमई बैंकलाई समेत हार्दिक धन्यबाद ज्ञापन गर्दै यस दोस्रो वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd.2069
CORPORATE OFFICE, BATTAR, NUWAKOT

श्री नबराज दाहाल
प्रबन्धक

श्री रत्नराज बज्राचार्य
**अध्यक्ष**

मिति : २०७१ पौष २९